# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७३ असार १ गते

### संचार सेवा प्रदायक संस्थाहरु संरक्षण गर्न तथा उपभोक्ताको जीवनको अधिकार रक्षा गर्न आग्रह

नेत्र विक्रम चन्द विप्लव माओवादीद्वारा विभिन्न स्थानमा संचार सेवा प्रदायक संस्था एनसेल टावरहरुमा भएको आगजनी तथा तोडफोडको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । एनसेल टावर जलाइएपछि सल्यान, चितवन लगायत विभिन्न जिल्लाका अधिकांश गाबिसहरु संचार बिहीन भएका छन् ।

एनसेलका टावरहरु विभिन्न स्थानमा जलाइएपछि नागरिकको स्वतन्त्रपूर्वक एक अर्कासँग संचार सम्पर्क गर्न पाउने अधिकार प्रभावित भएको छ । घटनाको प्रभावकारी अनुसन्धान गरी दोषीलाई कानूनको दायरामा ल्याउन तथा पीडित पक्षलाई उचित क्षतिपूर्ति प्रदान गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

नेपालको संविधानको धारा (१९) ३ मा संचारको हकमा कानून बमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रशारण तथा टेलिफोन लगायत संचार साधनलाई अवरुद्ध गर्न नपाइने उल्लेख छ ।

यस्तै, जेष्ठ ७ गते ललितपुरको होगल इलाछे, मंगलबजार स्थित एक पसलमा ग्यास सिलिण्डर पड्केर तीन जना व्यक्तिको मृत्यु भएको घटनाप्रति आयोग दुःख व्यक्त गर्दै घटनाको सम्बन्धमा अनुसन्धान गरी दोषीलाई कारबाही र पीडित परिवारलाई क्षतिपूर्ति प्रदान गर्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ । मापदण्ड विपरित सिलिण्डरहरुको अनियन्त्रित प्रयोग भइरहेको सन्दर्भमा त्यस्ता मापदण्ड विपरितका सिलिण्डरहरुको बिक्री वितरणमा तत्कालै रोक लगाउन समेत आयोग सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछ । आयोगले आजै उक्त घटनाको सम्बन्धमा स्थानीय प्रशासन तथा नेपाल गुणस्तर तथा नापतौल विभागमा पत्राचार समेत गरेको छ ।

मोहना अंन्सारी

सदस्य/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाण्डौं, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
E-mail: nhrc@nhrcnepal.org, website: www.nhrcnepal.org